## कृषि प्रसार कार्यक्रम सञ्चालन (चौथो संशोधन) नर्म्स,२०८३

कृषि प्रसार कार्यक्रम सञ्चालन नर्म्स,२०७९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको नर्म्स बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस नर्म्सको नाम "कृषि प्रसार कार्यक्रम सञ्चालन (चौथो संशोधन) नर्म्स, २०८३ " रहेको छ।

(२) यो नर्म्स मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>कृषि प्रसार कार्यक्रम सञ्चालन नर्म्स, २०७९ मा संशोधन:</u> कृषि प्रसार कार्यक्रम सञ्चालन नर्म्स, २०७९ (यस पछि मूल नर्म्स भनिएको) को दफा ९(घ) को सट्टा देहायको दफा ९(घ) राखिएको छ:-

"९(घ). व्यवसायिक बाली प्रवर्द्धन कार्यक्रम:

(क) उद्देश्य: प्रदेशका विभिन्न जिल्लामा व्यवसायिक बाली प्रवर्द्धनका लागि क्षेत्र विस्तार, नवीनतम प्रविधि हस्तान्तरण तथा उचित व्यवस्थापन मार्फत बालीको उत्पादन तथा उत्पादकतत्व वृद्धि गर्ने

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- कृषिमा आवद्ध कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने,
- कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई उपयुक्त स्थान छनोट गर्ने,
- कार्यक्रममा सहभागी हुन अकबरे खोर्सानी बालीको हकमा न्यूनतम २ रोपनीमा र अदुवा/ बेसार बालीको हकमा न्यूनतम ५ रोपनी , ड्रागनफल खेतीको हकमा न्यनूतम ५ कठ्ठा, लसुन/प्याज खेतीको हकमा न्यनूतम २ रोपनी, किवी, केरा र कफी खेतिको हकमा न्यूनतम ५ रोपनी, एभोकाडो/सुन्तलाजात/हिउँदे फलफूल/आँप/लिची बालीको हकमा ७ रोपनी तथा अन्य बालीको हकमा ४ रोपनी क्षेत्रफलमा सञ्चालन गर्नु पर्नेछ।

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

सकिने छ। उपलब्ध गराईने सामाग्रीहरुमा लाभग्राहीको २५ % लागत साझेदारी हुनुपर्नेछ।

- उत्पादन सामाग्रीहरु : बीउ/विरुवा, प्राङ्गारिक मल, सिँचाइका लागि आवश्यक पाइप, थोपा सिचाई , विषादी, मल्चिङ्ग प्लाष्टिक र प्लाष्टिक पोखरीका लागि प्लाष्टिकआदि खरिद
- बजारीकरण (क्रेट, बोरा,प्याकेजिङ्ग सामाग्री, लेवलिङ्ग लगायत) सहयोग।
- साना यन्त्र उपकरण र प्रशोधन सामाग्री जस्तै ड्रायर मेशिन,बेसार/अदुवा धुने मेशिन, धुलो बनाउने मेशिन लगायत अन्य आवश्यक मेशिनरी, कंक्रिट पोल र फलामका एसेसरिज निर्माण, होर्डिङ्ग बोर्ड तथा अन्य बाली बस्तुसँग आवद्ध अन्य सामाग्रीहरु
- क्षमता अभिवृद्धि कार्यक्रम (कुल बजेटको १० % भन्दा नबढ्ने गरी)

३. <u>मूल नर्म्समा संशोधनः</u> मूल नर्म्सको दफा ९(ड) पछि देहायको दफा ९(ढ), ९(ण), ९(त), ९(थ), ९(द), ९(ध), ९(न), ९(प), ९(फ) र ९(ब) थप गरिएको छः-

"९(ढ). च्याउ उत्पादन प्रवर्द्धन कार्यक्रम

(क) उद्देश्य:

- प्रदेशका सम्भाव्य क्षेत्रमा व्यावसायिक च्याउ खेतीको विस्तार तथा आधुनिक प्रविधिको प्रवर्द्धनमार्फत च्याउको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको आयआर्जनमा वृद्धि गर्ने।

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- कृषिमा आवद्ध कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने
- कार्यक्रममा सहभागी हुन कन्ये च्याउको हकमा वार्षिक न्यूनतम २००० पोका उत्पादन गर्नुपर्नेछ, गोब्रे च्याउको हकमा न्यूनतम २००० के.जी. कम्पोष्ट तयारी तथा प्रयोग भएको र सिताके च्याउको हकमा ८ देखि २० ईन्च ब्यास (गोलाई) भएका १ मिटर लम्बाईका कम्तिमा १०० वटा मुढामा खेती गर्नुपर्नेछ।
- नयाँ संरचना/टहरा निर्माण गरी (कन्ये, गोब्रे, Milky White, सिताके च्याउ आदि उत्पादन गर्न न्यूनतम १४"२२ फुटको २ वटा टहरा निर्माण गर्नुपर्नेछ।
- कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई उपयुक्त स्थान छनोट गर्ने

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ। उपलब्ध गराईने सामाग्रीहरुमा लाभग्राहीको २५ % लागत साझेदारी हुनुपर्नेछ।

- बाँस/फलाम/जि.आई पाईपको नयाँ संरचना/टहरा निर्माण
- च्याउको बीउ, ड्रिल मेशिन, मैन र Seed Gun Machine आदि
- क्षमता अभिवृद्धि कार्यक्रम(कुल बजेटको १० % भन्दा नबढ्ने गरी)

९(ण). फलफूल बगैंचा भित्र अन्तरबाली प्रदर्शन कार्यक्रम

(क) उद्देश्य: फलफूल बगैंचामा उपयुक्त अन्तरबालीको प्रदर्शन तथा प्रवर्द्धन गरी बगैंचाबाट हुने उत्पादन र आम्दानी वृद्धि गर्दै जमिनको प्रभावकारी उपयोग गर्ने।

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- कृषिमा आवद्ध कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने,
- प्रदर्शन कार्यक्रम पहाडमा न्यूनतम ३ रोपनी र तराईमा ५ कठ्ठा क्षेत्रफलमा सञ्चालन गर्नु पर्नेछ,
- **अन्तरबाली छनोटका प्राविधिक आधार:** फलफूलको जात, बोटको उमेर, Canopy, Interrow Spacing, सिंचाईको उपलब्धता, स्थानीय हावापानी र माटोको गुणस्तर
- अन्तरबालीको रुपमा कोशेबाली/ अदुवा/ बेसार/ लसुन/ प्याज/ दलहन/ केराउ/ मटर/ भटमास जस्ता छोटो अवधिका बालीहरु,
- कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई उपयुक्त बाली र प्रदर्शन स्थान छनोट गर्नु पर्नेछ।

(घ) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत स्टिमेट स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ।
- बीउ/विरुवा, मलखाद, विषादी खरिद तथा ढुवानी,
- साना यन्त्र उपकरण तथा अन्य सामाग्री खरीद/भाडा,
- जग्गा तयारी/व्यवस्थापन(जग्गा खनजोत तथा अन्य),
- कृषक दिवस सञ्चालन/नतिजा प्रदर्शन,

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

९(त). केशर खेती प्रदर्शन कार्यक्रम:

(क) उद्देश्य

- केशर खेतीको प्रविधि, उत्पादन क्षमता तथा सम्भाव्यता प्रदर्शन गरी कृषकहरूमा यसको व्यावसायिक खेतीतर्फ आकर्षण बढाउने।

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- कृषिमा आवद्ध कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने,
- बाली अनुसार गरिने क्रियाकलापको अभिलेख राख्नुपर्ने,
- कृषकको नाम, ठेगाना, लगाइएको बाली तथा समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधि, समय, प्रदर्शनका सम्बन्धमा कृषकको धारणा जस्ता विवरणको अभिलेख राख्नुपर्छ,
- प्रदर्शन कार्यक्रम न्यूनतम २ रोपनी क्षेत्रफलमा सञ्चालनगर्नुपर्ने तथा पाँच (५) ग्रामभन्दा बढी तौल भएको Corm को प्रयोग, १५—२० से.मी. Row spacing र करिब १० से.मी. Corm-Corm दूरी कायम गरी रोप्नुपर्ने,
- कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई उपयुक्त प्रदर्शन स्थान छनोट गर्नु पर्नेछ।

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ।
- बीउ (Corm)/विरुवा, मलखाद, विषादी खरिद तथा ढुवानी,
- यन्त्र उपकरण तथा अन्य सामाग्री खरीद/भाडा,
- जग्गा तयारी/व्यवस्थापन(जग्गा खनजोत तथा अन्य),
- कृषक दिवस सञ्चालन तथा नतिजा सार्वजनिकीकरण।

९(थ). जलवायुमैत्री कृषि प्रविधि प्रदर्शन कार्यक्रम:

(क) उद्देश्य

- जलवायु परिवर्तनले कृषि क्षेत्रमा परेको जोखिम न्यूनीकरण तथा अनुकूलनका लागि जलवायुमैत्री कृषि प्रविधिको प्रदर्शन तथा प्रविधिको ग्रहणमा अभिवृद्धि गरी कृषकको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- कृषिमा आवद्ध कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने,
- प्रदर्शनका लागि आवश्यक क्षेत्रफल: पहाडमा न्यूनतम दुई रोपनी, तराईमा न्यूनतम पाँच कट्ठा हुनु पर्नेछ।
- कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई जलवायु परिवर्तनको उन्न जोखिम क्षेत्र र बाली छनोट गर्नु पर्नेछ,
- कार्यालयले जलवायु अनुकूलन प्रविधि जस्तै स्वस्थ माटो व्यवस्थापन, सिचाँई प्रविधि, संरक्षित संरचना निर्माण,जलवायु अनुकूलन विभिन्न बालीका जातहरु छनौट गरि प्रविधि प्रर्दशन गर्नु पर्नेछ,

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ।
- बीउ/बिरुवा, मलखाद, सुक्ष्मतत्व, बिषादी खरिद तथा ढुवानी,
- साना यन्त्र उपकरण तथा मल्चिङ्ग र Anti hailnet लगायत अन्य सामाग्री खरीद/भाडा,
- सिचाँई प्रविधि ज्रस्तै थोपा सिचाँई, आकाशे पानी संकलनका लागि प्लाष्टिक पोखरी खरिद आदि,
- जग्गा तयारी/व्यवस्थापन (जग्गा खनजोत तथा अन्य),
- कृषक दिवस सञ्चालन।

९(द) बिभिन्न बालीको प्राकृतिक प्रकोप/रोगकीराद्वारा हुने क्षतिमा राहत वितरण कार्यक्रम:

(क) उद्देश्य

- कृषि बाली/वस्तुहरुको प्राकृतिक प्रकोप, विपद् तथा रोगकीराको माहामारीबाट हुने क्षतिबाट प्रभावित कृषक परिवारलाई राहत उपलब्ध गराई कृषकहरूको आर्थिक क्षति न्यूनीकरण गर्दै कृषि उत्पादन तथा व्यवसायको पुन:स्थापना र निरन्तरतामा सहयोग पुर्‍याउने।

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- प्राकृतिक प्रकोप, विपद तथा माहामारीद्वारा भएको क्षतिको निवेदन सम्बन्धित स्थानिय तहको सिफारिस सहित अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्ने।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

- क्षतिको विवरण माग गर्दा सम्बन्धित वडाको मुचुल्का, सम्बन्धित स्थानिय कृषि शाखाको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
- सम्बन्धित ज्ञान केन्द्रले क्षतिको अध्ययन गरि अनुसूची-३ बमोजिम अनुमानित लागतका आधारमा प्रतिवेदन तयार गरि समिति समक्ष पेश गर्नुपर्नेछ।
- प्राकृतिक प्रकोप बाहेको राहत वितरण सम्बन्धि निर्णय देहाय अनुसारको राहत वितरण समितिले गर्नुपर्नेछ र समितिको निर्णयको आधारमा मन्त्रालय वा कृषि ज्ञान केन्द्रले भुक्तानी गर्नु पर्नेछ।

| | | |
|---|---|---|
| (क) | कार्यलय प्रमुख, कृषि ज्ञान केन्द्र | संयोजक |
| (ख) | प्रमुख/प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (ग) | प्रमुख/प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (घ) | प्रमुख/प्रतिनिधि, भेटेरिनरी अस्पताल तथा पशु सेबा विज्ञ केन्द्र | सदस्य |
| (ङ) | योजना शाखा प्रमुख, कृषि ज्ञान केन्द्र | सदस्य-सचिव |

- प्राकृतिक प्रकोपको हकमा जिल्ला स्थित कार्यालयले विपत व्यवस्थापन समितिमा स्वीकृति तथा अनुमोदनका लागि पठाउनु पर्नेछ र जिल्लास्थित विपद् व्यवस्थापन समितिले स्वीकृति गरे पश्चात मन्त्रालय वा कृषि ज्ञान केन्द्रले राहत वापतको रकम उपलब्ध गराउन सक्नेछ।
-

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- प्राकृतिक प्रकोप तथा विपदबाट कृषि क्षेत्रमा क्षति भएमा देहाय बमोजिमको राहत रकम प्रदान गरिनेछ।

| क्र.सं | उपक्षेत्र | क्षतिको अवस्था | रकम उपलब्ध गराउने आधार | अधिकतम सीमा रकम |
|---|---|---|---|---|
| १ | खाद्यान्न बाली | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. तीस हजार प्रति हेक्टर |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २ | (क) तरकारी बाली | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. पचास हजार प्रति हेक्टर |
| | (ख) तरकारी बिरुवा/बेर्ना | पूर्ण | क्षतिको लागत अनुमानका आधारमा | रु. दुई प्रति बिरुवा |
| ३ | (क) फलफूल बाली (फल लागेको) | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. दुई सय प्रति बोट (सुन्तला, किवी, केरा, मेवा, लिची र कागतीको हकमा) |
| | | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. पाँच सय प्रति बोट (एभोकाडो, ओखर, आँप र लप्सीको हकमा) |
| | | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. सात सय प्रति बोट (सुपारी) |
| | (ख) फलफूल बिरुवा/बेर्ना (फल नलाग्ने अवस्थाको) | पूर्ण | क्षतिको लागत अनुमानका आधारमा | रु. पचास प्रति बिरुवा |
| ४ | मसला बाली | पूर्ण वा आंशिक | क्षतिको लागत | रु. पचास हजार प्रति हेक्टर |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | अनुमानका आधारमा | |
| ५. | तेलहन बाली | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. पचास हजार प्रति हेक्टर |
| ६. | च्याउ खेती | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. दस हजार प्रति टनेल |
| ७. | (क) मौरीपालन | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. एक हजार प्रति गोला |
| | (ख)मौरीघार | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. एक हजार प्रति गोला |
| ८. | रेशम पालन | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. तीस हजार प्रति हेक्टर |
| ९. | (क) संरक्षित संरचना/टनेल (बाँसको) | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. पचास प्रति वर्ग मिटर |
| | (ख) संरक्षित संरचना/टनेल (फलामको) | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. एक सय पचास प्रति वर्ग मिटर |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| १० | चिया/कफी/अलैची | पूर्ण वा आंशिक | क्षतिको क्षेत्रफलको आधारमा | बिरुवामा प्रचलित सरकारी दर रेट बमोजिमको राहत रकम |
| ११ | अन्य | पूर्ण | क्षतिको लागत अनुमानका आधारमा | समितिले तोके अनुसार |

- कृषि क्षेत्रमा प्राकृतिक प्रकोप तथा रोगकीराबाट क्षति भएमा प्रति परिवार अधिकतम २ हेक्टर सम्मको मात्र राहत रकम प्रदान गरिनेछ।

९(ध). लक्षित वर्ग विशेष च्याउ/मौरी उत्पादन कार्यक्रम (महिला,दलित,विपन्न तथा फरक क्षमता भएका व्यक्ति)

(क) उद्देश्य:

- लक्षित वर्गको च्याउ तथा मौरीपालन व्यवसाय प्रवर्द्धन गरी रोजगारी तथा आयआर्जनका अवसर वृद्धि गर्दै आर्थिक सशक्तीकरणमा सहयोग पुऱ्याउने।

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- कृषिमा आवद्ध लक्षित वर्ग कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म छनौट गर्ने,
- लक्षित समुदायमा कम्तीमा १० घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने र लक्षित समुदायको मागको आधारमा क्रियाकलाप पहिचान गर्नुपर्ने,
- कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई लक्षित वर्ग र उपयुक्त स्थान छनोट गर्ने।

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ। उपलब्ध गराईने सामाग्रीहरुमा लाभग्राहीको १० % लागत साझेदारी हुनुपर्नेछ।
- प्रति परिवार अधिकतम रु २० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सकिनेछ।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

- च्याउ बीउ, साना पूर्वाधार (टनेल प्लाष्टिक, नर्सरी, गुम्बज आदि),तालिम तथा सचेतना,
- मौरी घार(गोला सहित), खाली मौरी घार, अन्य सामाग्रीहरु,
- क्षमता अभिवृद्धि कार्यक्रम (कुल बजेटको १० % भन्दा नबढ्ने गरी)।

९(न). ग्रामीण पोषण कार्यक्रमः

(क) उद्देश्य:

- ग्रामीण पोषण सुरक्षा दृष्टिकोणले संवेदनशील समूहको पोषकतत्वको उपभोग बढाउने तथा स्थानीय खाद्यवस्तु उत्पादनमा विविधीकरण गरी खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने।

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- कार्यालयले कार्यदल बनाई जिल्लामा खाद्य तथा पोषण सुरक्षाका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेका क्षेत्र छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
- कार्यदलले खाद्य तथा पोषण सुरक्षाको अवस्था, समुदायको सामाजिक-आर्थिक अवस्था, भौगोलिक विकटता र प्राकृतिक प्रकोपको असरका आधारमा कार्यक्रम सञ्चालन हुने क्षेत्र तथा क्लष्टर छनौट गर्नुपर्नेछ।
- लक्षित समुदायमा कम्तीमा १० घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने।

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ।
- प्रति परिवार अधिकतम रु २० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सकिनेछ।
- बीउ/बेर्ना (तरकारी, मसाला, च्याउ, फलफूल, पोषिलो मकै, सखरखण्ड लगायतका पोषणयुक्त वालीहरूको),, गोला सहितको मौरी घार, करेसाबारीको लागि सिँचाई सामग्री (ट्याङ्की, पाईप, प्लास्टिक पोखरीको लागि प्लास्टिक) आदि

९(प). सुपारी बगैचा सुदृढीकरण कार्यक्रमः

(क) उद्देश्य:

- सुपारीमा लाग्ने रोगकिरा तथा अन्य शत्रुजीवहरूको नियन्त्रण तथा व्यवस्थापन गर्ने

प्रदीप यादव

राम प्रसाद महतो
मन्त्री

उद्यान, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

- सुपारी बगैंचा व्यवस्थापनको माध्यमबाट बगैंचा सुधार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- कार्यालयले बगैंचाको छनौट गरी कार्यक्रम सञ्चालनगर्ने
- न्यूनतम १० क्ट्ठाको सुपारी बगैंचाको क्लस्टरमा सञ्चालनहुनुपर्ने

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९, तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ । उपलब्ध गराईने सामाग्रीहरुमा लाभग्राहीको २५% लागत साझेदारी हुनुपर्नेछ:-
- सुपारी बगैंचाको सुदृढीकरणका लागि आवश्यक औजार/उपकरण खरीद,
- सिँचाई सामाग्री तथा उपकरण खरीद,
- ल्यूर, पाँसो लगायत अन्य रोगकिरा व्यवस्थापन सम्बद्ध सामाग्री, विषादी, एप्रोन, पञ्जा, मास्क आदि खरीद,
- स्थलगत प्राविधिक तालिम तथा अभिमुखीकरण । (प्रति बगैंचामा अधिकतम रु ५ हजार खर्च गर्न सकिने।

९(फ). Digital Seed कार्यक्रम:

(क) उद्देश्य:

- बीउ बिजन प्रयोगशालाका अभिलेख, प्रमाणीकरण र परीक्षण सेवाहरूलाई डिजिटल एवं अनलाइन प्रणालीमा रूपान्तरण गरी सेवा प्रवाहलाई छिटो, पारदर्शी, भरपर्दो र गुणस्तरीय बनाउन,
- अनलाइन निगरानी तथा डिजिटल प्रणालीको प्रयोग गरी बीउको गुणस्तर सुदृढ गर्न र कृषक तथा बीउ उत्पादकहरूलाई प्राविधिक सहजीकरण पुऱ्याउने।

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- बीउ बिजन प्रयोगशालाका कागजी अभिलेखहरूलाई डिजिटलाइजेशन गर्ने, अनलाइन सेवा सञ्चालन गर्ने तथा बीउ उत्पादन ट्रेसिबिलिटी सफ्टवेयर मार्फत सम्पूर्ण बीउ चक्र ट्र्याकिङ

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

गर्ने उद्देश्यका साथ ५ औं तहका कृषि प्राविधिक (सहायक स्तर) जनशक्ति सेवा करारमा पदपूर्ति गरिने छ।

- बीउ उत्पादन ट्रेसिबिलिटी सफ्टवेयर विकास गरी बीउको पूर्व-जानकारीदेखि खेत निरीक्षण, प्रयोगशाला परीक्षण, प्रशोधन र भण्डारणसम्मको सम्पूर्ण बीउ चक्र डिजिटल सफ्टवेयर मार्फत ट्रेसिङ (Tracking) गर्ने प्रणाली स्थापना गरिनेछ। बीउ उत्पादकहरूका लागि आवश्यक निवेदन फारम, नमुना परीक्षण रिपोर्ट र प्राविधिक जानकारी पूर्ण रूपमा अनलाइन मार्फत उपलब्ध गराइनेछ।

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- बीउ बिजन प्रयोगशालाका सम्पूर्ण कागजी दस्तावेजलाई सहायक स्तरको कृषि प्राविधिक मार्फत डिजिटलाइंजेशन गरी अनलाइन सेवा सञ्चालन गर्ने र सफ्टवेयरबाट सम्पूर्ण बीउ चक्र ट्र्याकिङ गर्ने। कार्यालयले उपलब्ध बजेटको परिधिमा रहि उपकरण तथा प्रविधि पूर्वाधार सफ्टवेयर विकासमा २५ % र जनशक्ति परिचालनका लागी ७५ % रकम खर्च गर्न सकिनेछ।

९(ब). फार्मभित्र व्यावसायिक रेशम कोया उत्पादन कार्यक्रमः

(क) उद्देश्यः

- सरकारी/व्यावसायिक फार्मभित्र रेशमकीरा पालन प्रविधिको प्रयोग गरी गुणस्तरीय रेशम कोयाको उत्पादन गर्ने।
- रेशमकीरा पालन सम्बन्धी आधुनिक प्रविधि, रोग नियन्त्रण तथा गुणस्तरिय कोकुन उत्पादन प्रविधिको प्रदर्शन एवं प्रवर्द्धन गर्ने।

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्षः

- फार्मभित्र उपयुक्त कीरा पालन गृह (Rearing House) र आवश्यक पूर्वाधारको उपयोग गरी कार्यक्रम सञ्चालन गर्ने।
- रेशमकीराको जात, अण्डा (Disease Free Layings) को उपलब्धता र मौसम अनुसार किरापालन तालिका तय गरी कार्यान्वयन गर्ने।
- किरापालन अवधिभर आवश्यक पर्ने तापक्रम, आर्द्रता तथा सरसफाइको प्राविधिक मापदण्ड पूर्ण रूपमा पालना गर्नुपर्ने।
- उत्पादित कोयाको गुणस्तर मापन, अभिलेख व्यवस्थापन र उत्पादकत्व सम्बन्धी तथ्याङ्क अध्यावधिक राख्नुपर्ने।

(ग) क्रियाकलाप तथा आर्थिक पक्षः

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९, तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ।
- रेशमकीराको अण्डा (DFLs), Disinfectants (चून, ब्लीचिङ पाउडर,फर्मालिन आदि) तथा रोग नियन्त्रण सामाग्री (पाराफर्मलडिहाइड, बेन्जोइक एसिड, ढुसिनाशक आदि) खरिद एवं ढुवानी।
- कीरा पालनका लागि आवश्यक औजार तथा सामाग्रीहरू (कालो कपडा, सेतो कपडा, चपिङ्ग बोर्ड, चक्कु चप्पल बाटा, बाल्टी, सरफ/साबुन, नाङ्लो/ढाकी, ब्राउन पेपर, पाराफिन पेपर, फर्म प्याड, Rearing Trays, Mountages/Chandrika, Nets, Feeding Stand, Thermo-hygrometer, humidifier, dehumidifier, heater, cocoon drier आदि) खरिद तथा मर्मत।
- कीरा पालन गृहको निर्मलीकरण, तयारी तथा व्यवस्थापन (ज्याला/मजदुरी खर्च)।
- ब्लाक बक्सिङ्ग, ब्रसिङ्ग, बेड चेन्ज(प्रत्येक मोल्टिङ्गमा), पात टिप्ने/काट्ने/फिडिङ्ग गर्ने, रोग नियन्त्रण सामाग्री छिट्ने (प्रत्येक मोल्टिङ्गमा), रोगी तथा छिमले किरा छुट्याउने, किरा टिपी आरोहणमा राख्ने, आरोहणबाट कोकुन संकलन गर्ने, स्टिफिलिङ (ज्याला/मजदुरी खर्च)।
- कोया सङ्कलन, वर्गीकरण, बजारीकरण/प्रशोधन तयारी तथा प्राविधिक अभिलेखन।

९(भ). फार्मभित्र किम्बु बगैंचा व्यवस्थापन कार्यक्रमः

(क) उद्देश्यः

- फार्मभित्र रहेका साविकका किम्बु बगैंचाको गोडमेल, काँटछाँट तथा पोषण व्यवस्थापन गरी गुणस्तरीय किम्बु पातको उत्पादन वृद्धि गर्ने।
- किम्बु बगैंचामा लाग्ने रोग, किरा तथा अन्य क्षतिबाट संरक्षण गरी बगैंचाको उत्पादकत्व र आयु बढाउने।

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्षः

- फार्मभित्र व्यवस्थापन गर्नुपर्ने किम्बु बगैंचाको क्षेत्रफल र स्थिति एकिन गरी क्लस्टर/ब्लक तोक्नुपर्ने।
- सिजन अनुसार किम्बुको प्राविधिक काँटछाँट (Pruning/Bottom, Middle or Top pruning) र गोडमेल कार्य सञ्चालन गर्ने।
- माटो परीक्षणको आधारमा वा सिफारिस बमोजिम कम्पोष्ट/प्राङ्गारिक मल, रासायनिक मल तथा सिँचाइको उचित व्यवस्थापन गर्ने।
- बगैंचाको नियमित अनुगमन गरी रोग तथा किराको एकीकृत व्यवस्थापन (IPM) अपनाउने।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत अनुमान स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९, तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ।
- बगैंचा सुदृढीकरणका लागि आवश्यक औजार/उपकरण (Pruning Shears, Secateurs, स्प्रेयर, हँसिया, कुटो, कोदालो, आदि) खरिद तथा मर्मत।
- प्राङ्गारिक मल, रासायनिक मल, तथा जैविक/रसायनिक विषादी खरिद र ढुवानी।
- सिँचाइका लागि आवश्यक पाइप, फिटिङ्स, मोटर वा अन्य सिंचाई सामाग्री खरिद।
- बगैंचा खनजोत, गोडमेल, काँटछाँट तथा मलखाद प्रयोगका लागि आवश्यक श्रम/ज्याला खर्च।

९(म). प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण कार्यक्रम (कृषि तर्फ)

(क) उद्देश्य:

- प्राकृतिक विपद् र रोगव्याधिबाट कृषि क्षेत्रमा हुने क्षतिलाई कम गरी खाद्य सुरक्षा र किसानको जीविकोपार्जनको रक्षा गर्नु

(ख) कार्यक्रम सञ्चालनप्रक्रिया तथा प्राविधिक पक्ष:

- प्राकृतिक प्रकोप तथा रोग कीराको महामारी नियन्त्रणका लगि सम्बन्धित कृषकहरुले कार्यालयमा सम्बन्धित स्थानीय तहको सिफारिस साथ निवेदन दिनु पर्नेछ,
- समस्याग्रस्त क्षेत्रको छनौट गरी समस्या पहिचान र समाधानका लागि कार्यालयले आवश्यक प्राविधिक टोली परिचालन गर्नु पर्नेछ,
- स्थानीय तहको सहकार्यमा प्रदेशका १४ वटै जिल्लाभित्र कृषि बालीमा भएको प्राकृतिक प्रकोप तथा रोग कीराको महामारी नियन्त्रण गर्नु पर्नेछ,
- सम्बन्धित जिल्लास्थित कार्यालयले प्राकृति प्रकोप तथा महामारी रोग कीरा नियन्त्रणका लागि सिफारिस गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(ग) क्रियाकलाप तथा आर्थिक पक्ष:

- निम्न क्रियाकलापहरुमा सम्बन्धित कार्यालयको प्रमुखबाट लागत स्टिमेट स्वीकृत गराई स्वीकृत बजेटको परिधि भित्र रही सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ तथा अन्य प्रचलित कानुनको अधिनमा रही सोही अनुसार खर्च गर्न सकिने छ।
- बाली/माटोको नमुना संकलन/परिक्षण,

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

- अभिमुखिकरण/अन्तरक्रिया गोष्ठी,
- तालिम तथा प्रदर्शन कार्यक्रम,
- सामाग्री वितरण (जस्तैः खाद्यतत्व/विषादी/औजार उपकरण/सुरक्षित पहिरन-एप्रोन, मास्क, ग्लास, पन्जा आदि),
- प्रचार प्रसार सामाग्री (जस्तै पम्फ्लेट/पोष्टर/पुस्तिका वितरण/होर्डिङ्ग बोर्ड निर्माण आदि),
- कार्यक्रम सञ्चालनतथा अनुगमन निरीक्षणका लागि हुने भ्रमण,
- मसलन्द तथा व्यवस्थापन खर्च।

४. <u>मूल नर्म्सको अनुसूचीमा संशोधनः</u> मूल नर्म्सको अनुसूची-१ पछि देहायको अनुसूची-२ र अनुसूची-३ थप गरिएको छः-

अनुसूची-२

(दफा ९(द) को खण्ड (ख) सँग सम्बन्धीत)

बिभिन्न बालीको प्राकृतिक प्रकोप/रोगकीराद्वारा हुने क्षतिमा राहत वितरण कार्यक्रम निवेदनको ढाँचा

मिति .........................

श्रीमान् प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र
......................।

विषयः राहत रकम सम्बन्धमा।

उपरोक्त सम्बन्धमा ........................ विपद्ले मेरो फर्ममा ............... क्षेत्रफलमा रहेको .................... बाली/पूर्वाधारमा आंशिक/पूर्ण रुपमा नष्ट/क्षति भई रु. .......... बराबरको अनुमानित रकम क्षति भएकाले बिभिन्न बालीको प्राकृतिक प्रकोप/रोगकिराद्वारा हुने क्षतिमा राहत वितरण कार्यक्रमबाट मेरो परिवारलाई कृषि ज्ञान केन्द्रको तर्फबाट राहत रकम उपलब्ध गराउन तपसिल बमोजिमका कागजातहरू यसै निवेदन साथ संलग्न राखी पेश गरिएको अनुरोध छ।

संलग्न कागजातहरु

१. नेपाली नागरिकता र जग्गाको प्रमाणित प्रतिलिपी
२. क्षति सम्बन्धी वडा र प्रहरीको मुचुल्का
३. पिडित कृषकको बैंक खाता नं.......................

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

४. सम्बन्धित स्थानिय तहको सिफारिस
५. क्षति स्पष्ट देखिने फोटो/दृश्य/वृतचित्र
६. प्राविधिक प्रतिवेदन
७. बिमा गरेको वा नगरेको प्रमाणपत्र

नामः
हस्ताक्षरः
ठेगानाः
सम्पर्क नः

अनुसूची -२

(दफा ९(द) को खण्ड (ख) सँग सम्बन्धीत)

बिभिन्न बालीको प्राकृतिक प्रकोप/रोगकीराद्वारा हुने क्षतिमा राहत वितरण कार्यक्रम अनुमानित लागत विवरणको ढाँचा

पिडित कृषकको नामः

ठेगानाः

फार्मको किसिम/क्षेत्रफल

क्षतिको कारणः

क्षति भएको मितिः

क्षतिको अवस्थाः

| क्र.सं | विवरण | ईकाइ | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| क. | कृषिजन्य बालीको विवरण | | | | | |
| ख. | पूर्वाधार निर्माण खर्च विवरण (टनेल, ग्रिन हाउस आदि) | | | | | |

..............................................
सम्बन्धित पालिकाको कृषि शाखाको प्रमुख/प्रतिनिधि

..................................
कृषि ज्ञान केन्द्रको प्रमुख/प्रतिनिधि

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री